जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ०९ पृष्ठः ४ | २०८२ बैशाख १३ गते शनिबार (Saturday 26 April 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रादेशिक अस्पतालमा तालाबन्दी गरेलगत्तै खुलायो प्रहरीले



**मणिलाल विश्वकर्मा**

लहान, १२ बैशाख। तीन दिनको अल्टिमेटमसहित अस्पताल प्रशासनलाई बुझाएको माग सम्बोधनका लागि उपेक्षा गरेको भन्दै सिराहाको जिल्ला सदरमुकामस्थित प्रादेशिक अस्पतालमा शुक्रबार बिहान गरिएको तालाबन्दी तत्काल प्रहरीले खुलाएको छ। स्थानीय युवाहरूको समूहले ८ वैशाखमा बुझाएको मागको विषयमा अस्पताल प्रशासनले बेवास्ता गरेको भन्दै प्रशासन खुल्नुअगावै अस्पताल विकास समितिका अध्यक्ष सोहिन्द्रप्रसाद यादव र मेडिकल सुपरिन्टेन्डेन्ट डा. सुनीलप्रसाद कुशवाहको कार्यकक्षमा गरेको तालाबन्दी प्रहरीले खुलाएको हो।

सिराहाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले अस्पताल सुधारसम्बन्धी युवाहरूले बुझाएको मागको विषयमा अस्पताल प्रशासन र युवाहरूसमेतको सहभागितामा बिहीबार छलफल गरी अस्पताल प्रशासन र विकास समितिले तत्काल पूरा गर्न सकिने, दीर्घकालीन रूपले गर्न सकिने र पूरा गर्न नसकिनेमा वर्गीकरण गरी सेवा प्रवाह प्रभावकारी बनाउन सहमति भएको जानकारी दिए। 'त्यसरी वर्गीकरण गरिएको मागबारे पुनः आगामी सोमबार ( १५ वैशाख) छलफल गर्ने योजना थियो,' उनले भने, 'सहमति नै उल्लंघन गर्दै तालाबन्दी गरिएपछि खुलाइएको छ।'

अस्पताल विकास समितिका अध्यक्ष यादवले अस्पतालको स्रोत–साधन, जनशक्तिको अधिकतम परिचालन गरी सेवा प्रवाह प्रभावकारी बनाउने प्रयास गरिरहेको बताए। 'अस्पताल प्रशासन र समितिको अधिकार क्षेत्रभन्दा बाहिरका मागहरू प्रदेश वा संघीय सरकारले मात्र सम्बोधन गर्न सक्छ,' उनले भने, 'सेवा सुधारको नाममा अस्पतालमा प्रवेश गरी स्वास्थ्यकर्मी, कर्मचारीलाई नै

–बाँकी तीन पेजमा

## विष खाएको घटनामा आमाको पनि ज्यान गयो

काठमाण्डौ, १२ बैशाख। धनुषाको शहीद नगरपालिका–५ यदुकोहामा विष खाएको घटनामा आमाको पनि ज्यान गएको छ। विष खाएर गम्भीर भएकी पवित्रा साहको उपचारका क्रममा जनकपुरधाममा रहेको रामजानकी अस्पतालमा आज ज्यान गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। गएको सोमवार गहुँमा राख्ने विष खाँदा आमा बिरामी र तीन छोराछोरीको ज्यान गएको थियो। ६ वर्षीय छोरा आदित्य तथा छोरीहरू ४ वर्षीया आकृति र २ वर्षीया आरुतीको घटनास्थलमै ज्यान गएको थियो। विष खाएकी पवित्राको अवस्था गम्भीर भएपछि भेन्टिलेटरमा राखेर अस्पतालमा उपचार भइरहेको थियो। गर्भवती पवित्राको शल्यक्रिया गरेर शिशु निकालिएको थियो। शिशुको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।

## कक्षा १२ को परीक्षा केन्द्र निर्धारणमा आर्थिक चलखेल




**मुकेशकुमार यादव**

सिरहा, १२ बैशाख। कक्षा १२ को परीक्षा केन्द्र मिलाउन राष्ट्रिय परीक्षा बोर्डको क्षेत्रीय कार्यालयका कर्मचारीहरुले आर्थिक चलखेल गरेको प्रमाण फेला परेको छ। लहानस्थित राष्ट्रिय परीक्षा बोर्डका कर्मचारीहरुले परीक्षा केन्द्र निर्धारणका नाममा सिरहा, सप्तरी, उदयपुर, खोटाङ र ओखलढुंगा जिल्लामा व्यापक आर्थिक चलखेल भएको तथ्य बाहिरिएको हो। राष्ट्रिय परीक्षा बोर्डको क्षेत्रीय कार्यालय लहानका कर्मचारीहरुले परीक्षा केन्द्र तोक्दा विद्यालयहरूसँग ५० हजारदेखि दुई लाख रुपैयाँसम्म अतिरिक्त रकम लिएर भनेकै ठाउँमा केन्द्र तोकेको पाइएको छ। नाम नखुलाउने सर्तमा विद्यालय सञ्चालकहरुले बोर्डका कर्मचारीहरुलाई 'घुस' बुझाएको पुष्टि गरेका छन्।

हामीले एक विद्यालयका सञ्चालकको रूपमा बोर्डका शाखा अधिकृत चन्द्रदेव यादवलाई फोन गर्यौं। हामीले बोल्नै परेन।

–बाँकी तीन पेजमा

**सांस्कृतिक सम्पदासब के संरक्षण कइलजाव, पर्यटन के प्रवर्धन कइलजाव**

मधेश प्रदेश में विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदासब बाटे। ओइसन स्थलसब गौरव मात्रे ना होके आर्थिक समृद्धि के स्रोत भि ह। एकर संरक्षण आ सम्वर्धन कइल हमनी सब केह के दायित्व ह। ओहिसे धार्मिक तथा पर्यटकीय स्थलसब में फुहर मत करीं।
ऐतिहासिक तथा दुर्लभ सम्पदासब के क्षति से बँचाबेला सजग रहीं। स्थानीय कला, हस्तकला आ परम्परागत उत्पादन के प्रवर्धन कइलजाओ। हमनी के प्रदेश के स्थलसब में आबेवाला पर्यटकसब सँगे मैत्रीपूर्ण व्यवहार करीं। पर्यटक हमनी के मेहमान हउवन्। स्वागत सत्कार एवम् सुमधुर व्यवहार कइलजाओ।

मधेश प्रदेश सरकार
**आमसञ्चार प्राधिकरण**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सामाजिक सुरक्षा कोषमा सहभागी बनौं**

- सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजना अन्तर्गतः
- औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
- मातृत्व सुरक्षा योजना
- दुर्घटना सुरक्षा योजना,
- अशक्तता सुरक्षा योजना,
- आश्रित परिवार सुरक्षा योजना,
- वृद्धावस्था सुरक्षा योजना,
- वेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित हौऔं
- सामाजिक सुरक्षा कोषमा आवद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

### तातो हावाबाट बचौं

तराई–मधेशका जिल्लामा आज पनि गर्मी अत्यधिक हुने सम्भावना रहेको मौसम पूर्वानुमान् महाशाखाले जनाएको छ। सबैजसो प्रदेशको तराई–मधेश क्षेत्रमा उच्च गर्मी हुने सम्भावना रहेकोमा लुम्बिनी प्रदेशका केही जिल्लामा तातो हावाको लहर चल्ने सम्भावना रहेको मौसमविद् सरोज पुडासैनीले जानकारी दिनुभयो। उहाँका अनुसार आज भैरहवाको अधिकतम तापक्रम ४२ डिग्री सेल्सियससम्म पुग्ने सम्भावना छ। हिजो भैरहवाको अधिकतम तापक्रम ४० डिग्री नाघेको थियो। यस्तै आज काठमाण्डौ उपत्यकामा पनि गर्मी बढ्ने सम्भावना छ। हिजो काठमाण्डौमा यो बर्षको सबैभन्दा बढी अधिकतम तापक्रम ३३ दशमलव ५ डिग्री सेल्सियस पुगेकोमा आज ३२ देखि ३४ डिग्री सेल्सियस पुग्ने पूर्वानुमान रहेको मौसमविद् पुडासैनीले बताउनुभयो। त्यस्तै दिउँसो कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रहनेछ। कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभागका एक–दुई ठाउँमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ। ती प्रदेशका हिमाली भूभागका एक–दुई ठाउँमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ।

## पेन्सन पट्टा हराएको सूचना

मिति २०८१/०१/०४ गते निम्न ब्यहोराको पेन्सन पट्टा घरबाट बजार गईरहेको बेला हराएको हुनाले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन हार्दिक अनुरोध छ।

पेन्सन अधिकार पत्र न. २६४३५
नाम : बेदराज पवन पौडेल
ठेगाना : लहान नगरपालिका–६, सिरहा
दर्जा : ज.स्वा.अ. (स.रा)
श्रेणी : रा.प.बि.प्रा
कार्यालय : जन स्वास्थ्य शाखा, रौतहट
ईच्छाएको व्यक्ति : हेमा पौडेल

## साढे नौ लाखको भिटामिन सहित एकजना पक्राउ

काठमाडौं, १२ बैशाख। पर्साको वीरगन्ज महानगरपालिका–२४ स्थित रामगढवाबाट सशस्त्र प्रहरीले करिब नौ लाख ६० हजार रुपैयाँबराबरको भिटामिनसहित एकजनालाई पक्राउ गरेको छ। सोही महानगरपालिका–२५ सिर्सिया बस्ने ३६ वर्षीय अमृत साह कानुलाई प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगन्जको सुरक्षा फौजले नियन्त्रणमा लिएको हो। नारस १०१७ नम्बरको अटोमा भारतबाट नेपाल तर्फ ल्याउँदै गरेको 'लाइकोपेन विथ मल्टी भिटामिन एन्ड मल्टी मिनिरल्स क्याप्सुल–न्युट्री क्युर' चार हजार ८०० वटा र दुई थान मोटरसाइकल समेत नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ। अटो र मोटरसाइकलको भन्सार दाखिला मल्य ६ लाख कायम भएको छ। नियन्त्रणमा लिइएका कानुलाई बरामद भिटामिन र सवारीसाधनसहित आवश्यक कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा बुझाएको सशस्त्र प्रहरीले जानकारी दिएको छ।

# शिक्षक आन्दोलनको असर : खेलेरै बित्छ विद्यार्थीको समय

### शिक्षकहरू अनिश्चितकालीन विद्यालय बन्द गरी आन्दोलनमा हिँडेपछि देशभरिका सामुदायिक विद्यालयका विद्यार्थी र अभिभावक अन्योलमा छन्।

**शैलेन्द्र महतो**

जनकपुर, १२ बैशाख। धनुषाको लक्ष्मीनिया गाउँपालिका–७ कुम्हरौडा गाउँमा बिहीबार बिहान साढे ९ देखि १० बजेसम्म बालबालिकाको चहलपहल थियो। उनीहरू स्कुल ड्रेसमा सजिएर निजी विद्यालयतर्फ लम्किरहेका थिए। कोही स्कुल बस चढिरहेका थिए भने कोहीलाई अभिभावकले हात समातेर विद्यालयसम्म पुऱ्याइरहेका थिए। कुम्हरौडाको उत्तरबारी टोलमा साढे ९ बजेतिर सडक छेउको रुखको छहारीमा केही बालबालिकासँगै खेलिरहेका थिए, जयराम ठाकुर। लक्ष्मीनिया बजारस्थित श्री लक्ष्मीनिया जनता माध्यमिक विद्यालय, कुम्हरौडामा अध्ययनरत जयराम हालै मात्र कक्षा ८ उत्तीर्ण गरी ९ कक्षामा प्रवेश गरेका विद्यार्थी हुन्।

शिक्षकहरू आन्दोलनमा सहभागी हुन काठमाडौं गएपछि विद्यालय बन्द छ। जयराम विद्यालय खुल्ने प्रतीक्षामा छन्। उनलाई निजीका विद्यार्थी जस्तै आफ्नो विद्यालय गएर पढ्न मन छ। 'हामी सरकारी स्कुलमा पढ्छौं। निजी स्कुल खुलिसके, हाम्रो बन्द छ। सरहरू आन्दोलनमा जानुभएको छ,' जयरामले भने, 'अब खुल्छ–खुल्छ भन्छन्, तर कहिले खुल्छ थाहा छैन। साँझ–बिहान घरमै पढ्छु, बाँकी समय साथीहरूसँग खेलेर बिताउँछु।' त्यही समूहमा खेल्दै थिए, मनिष ठाकुर। उनी कक्षा ४ बाट ५ मा पुगेका छन्। निकु साह कक्षा ५ बाट ६ मा पुगेका छन् भने राजा मण्डलले ६ कक्षा दोहोर्याएका छन्। उनीहरु सबै विद्यालय खुल्ने पर्खाइमा छन्। विद्यालय बन्द हुँदा उनीहरू प्रायः समय कबी, पिलिप्याड जस्ता खेल खेलेर समय बिताउँछन्।

नयाँ शैक्षिक सत्र सुरु नहुँदा ट्युसन समेत पढ्न सुरु नगरेको उनीहरूको भनाइ छ।

'स्कुल गएर नयाँ कक्षामा पढ्न मन छ। तर स्कुल बन्द छ। त्यसैले दिनभरि हामी यसरी ग्रुपमा खेल्छौं,' निकुले भने, 'स्कुल चाँडै खुल्छ भन्ने आशा छ।' छोरी पढ्ने विद्यालय बन्द हुँदा स्थानीय जगरनाथ साह हलुवाइ चिन्तित छन्। उनका दुई छोरी आरती कक्षा ६ र नेहा कक्षा ३ मा लक्ष्मीनिया माविमै



पढ्छन्। निजी विद्यालयमा अरुका छोराछोरी नियमित जान थालेको देख्दा जगरनाथको मन भारी हुन्छ। 'दुईटी छोरी सरकारी स्कुलमा पढ्छन्। स्कुल अहिलेसम्म खुलेको छैन। निजीमा सबैका बच्चा जान्छन्, तर हाम्रो आर्थिक हैसियतले त्यहाँ पठाउन सक्दैनौं,' उनले पीडा पोखे, 'छोरीहरू दिनभरि घरमै अलिअलि काम गर्छन् र खेलेर बस्छन्। यसरी त उनीहरूको भविष्य बर्बाद हुन्छ।' गरिबका छोराछोरी सामुदायिक विद्यालयमा पढ्ने भएकाले शिक्षक आन्दोलन चाँडो अन्त्य होस् र गुणस्तरीय पढाइमा ध्यान जाओस् भन्ने जगरनाथको चाहना छ।

बिहीबार बिहान करिब १० बजे लक्ष्मीनियाँ गाउँपालिका–७ कुम्हरौडा दक्षिणबारी टोलको मुसहर बस्ती नजिकको बाँभो खेतमा केही बालबालिका क्रिकेट खेलिरहेका थिए। कक्षा २ बाट ३ मा उक्लिएका आशिक सदा, विशाल सदा लगायतका बालबालिका त्यहाँ खेलिरहेका थिए। सामुदायिक विद्यालयमा पढ्ने मुसहर वस्तीका बालबालिका दिउँसो डेढ घण्टा गाउँमै निःशुल्क ट्युसन पढ्छन्। बाँकी समय खेलेर बिताउँछन्। 'परीक्षा भएको एक महिना भइसक्यो तर स्कुल खुलेको छैन,' आशिकले भने, 'हामी दिउँसो ४ बजेदेखि साढे ५ बजेसम्म गाउँमै निःशुल्क ट्युसन पढ्न जान्छौं। बाँकी समय यसरी नै खेल्छौं।' जनकपुरधाम उपमहानगरपालिका–१४ मुजेलियाका आदित्य राय पनि विद्यालय खुल्ने पर्खाइमा छन्। उनी श्री माध्यमिक विद्यालयका विद्यार्थी हुन्। यसपालि कक्षा ७ बाट ८ मा उक्लिएका छन्। विद्यालय बन्द भएकाले उनको दिनचर्या गाईभैँसीको हेरचाह र घरमै पढेर बितिरहेको छ।

'स्कुल बन्द छ। त्यसैले साँझ–बिहान घरमै पढ्छु। दिउँसो गाइभैँसीको रेखदेख गर्छु। स्कुल चाँडै नखुलेर पढाइ बिग्रिएको छ,' उनले भने। निजी विद्यालयको पठनपाठन सुरु भइसक्दा सामुदायिक विद्यालय बन्द रहेकोमा स्थानीय फुलोदेवी राउत चिन्तित छन्। विद्यालय बन्दले आफ्नो नातिको पढाइमा समस्या भएको उनको भनाइ छ। 'सबैका छोराछोरी बोर्डिंग पढ्न जान्छन्। म गरिब मान्छे। नाति सरकारी स्कुलमा पढ्छ। तैपनि, बन्द छ। नातिको पढाइ बिग्रियो,' उनको चिन्ता छ। जनकपुर रजौलको जनता माध्यमिक विद्यालयमा कक्षा ६ बाट ७ मा प्रवेश गरेका सतिशको पनि चिन्ता उही छ। उनको छरछिमेकका धेरैजसो बालबालिका निजी स्कुलमा पढ्छन्, उनलाई खेल्ने साथी पाउन समेत मुस्किल छ, पढाइ त परै जाओस्।

'मेरो घरछेउका धेरै साथीहरू निजी स्कुलमा पढ्छन्। मेरो स्कुल खुलेको छैन। त्यसैले यता खेल्न आएको छु। पढ्न जाने मन छ। तर स्कुल कहिले खुल्छ ठेगान छैन,' सतिशले सुनाए। यी त केही उदाहरण मात्र हुन्। शिक्षकहरू अनिश्चितकालीन रूपमा विद्यालय बन्द गरेर आन्दोलन गर्न हिँडेपछि देशभरिका सामुदायिक विद्यालयका विद्यार्थी र अभिभावक अन्योलमा छन्। खासगरी मधेशका धेरै सामुदायिक विद्यालयको पढाइको गुणस्तरमाथि प्रश्न छ। त्यसैले आर्थिक रूपमा कमजोर परिवारका धेरैजसो बालबालिका सामुदायिक विद्यालयमा पढ्छन्।

कुम्हरौडाकी फुलो खातुन सरकारी विद्यालयमा राम्रो पढाइ नहुँदा आफ्ना पाँच नाति–नातिनालाई बोर्डिङ स्कुलमा पढाउन बाध्य भएको बताउँछिन्। 'मेरो छोराछोरी सरकारीमै पढे। तर पढाइ ठिक छैन। सरहरू राम्ररी पढाउनु हुन्न। त्यसैले अहिले जेनतेन पाँच नाति–नातिनालाई बोर्डिङमा पढाउँदै छु। शुल्क तिर्नै धौधौ पर्छ। निजीमा पढाउनु हाम्रो रहर होइन, बाध्यता हो,' उनले गुनासो पोखिन्।

# माटोको भाँडामा राखेको पानी खाँदा के हुन्छ ?

माटोको भाँडोमा पानी खाने चलन नयाँ होइन। परापुर्वकाल देखि नै माटोको भाँडोको प्रयोग हुन्थ्यो। त्यो बाहेक कुनै अर्को विकल्प पनि थिएन। समय बित्दै गयो। आधुनिक विकल्पहरू जस्तै काँच, प्लास्टिक, तामा, आल्मुनियम, स्टेनलेस स्टील र सेरामिकका भाँडाहरू सहज उपलब्ध हुन थाले। अनि, माटोका भाँडाको प्रयोग गर्ने चलन हराउँदै गयो। यद्यपि, अहिले थुप्रै विकल्पका बाबजुद पनि माटोका भाँडोको प्रयोग पुनः लोकप्रिय हुँदैछ। बजारमा हाल माटोका घैंटो, गाग्रीदेखि माटोको फिल्टरसम्म उपलब्ध छन्। यो पुनरागमनको कारण भनेको माटोको भाँडोको प्राकृतिक गुण र स्वास्थ्यका लागि फाइदाबारे जागरुकता बढ्नु हो।

**माटोको भाँडोमा त्यस्तो के हुन्छ ?**

माटोका भाँडोको पानी खानु स्वस्थकर मानिन्छ। किनकी, माटो आफैं पनि एकप्रकारको प्राकृतिक फिल्टर हो। माटोमा भएको खनिजमा पानी मिसिएपछि त्यहाँ भएको फोहोरलाई छान्ने काम गर्छ। माटोको भाँडामा खनिजहरू पहिल्यै हुन्छन्, तर पानी राखेपछि ती खनिजहरू पानीमा मिसिन्छन्। माटोमा प्राकृतिक रूपमा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस जस्ता खनिजहरू हुन्छन्। जब पानीलाई घैंटोमा राखिन्छ, माटोको छिद्रपूर्ण सतहमार्फत यी खनिजहरू पानीमा घुल्छन्। यो प्रक्रिया पानीलाई थप पोषक बनाउँछ। अर्को, यसको गुण के हो भने यसले पानीको तापक्रमलाई ठन्डा पारेर




राख्छ।

**१. पाचनमा सहयोग**

माटोको भाँडोको पानीले शरीरको जठराग्नि (पाचन शक्ति) लाई बलियो बनाउँछ। माटोको क्षारीय गुणले पेटको अम्लतालाई सन्तुलनमा राख्छ, जसले अपच, ग्यास, र कब्जियत जस्ता समस्याहरूलाई कम गर्छ। आयुर्वेदमा पानीलाई सही तापक्रम र गुणस्तरमा पिउन सुझाव दिइन्छ र माटोको भाँडोले पानीलाई प्राकृतिक रूपमा चिसो र शुद्ध राख्छ। माटोमा पाइने अल्काइनले शरीरको पिएच लेभललाई नियन्त्रण गर्छ। यसो हुनेबित्तिकै पेटमा भएको अम्ललाई हटाउँछ। पाचनरस सन्तुलनमा ल्याई पाचनमा मद्दत गर्छ। अपच, ग्यास र अम्लपित्तजस्ता समस्याहरूलाई कम गर्छ।

**२. पर्यावरणमैत्री**

माटोको भाँडो शुद्ध प्राकृतिक माटोबाट बनेको हुन्छ। अहिले प्लास्टिकको व्यापक प्रयोगले प्रदूषण ठूलो समस्या बन्दै गरेको बेलामा माटोको गाग्री एक पर्यावरणमैत्री विकल्प हुनसक्छ। प्लास्टिकका भाँडाहरूले वातावरणमा माइक्रोप्लास्टिक र हानिकारक रसायनहरू छोड्छन् तर माटोको गाग्रीले यस्तो समस्या निम्त्याउँदैन। नेपालमा पर्यावरणीय जागरूकता बढ्दैछ। मानिसहरू प्लास्टिकका हानिकारक प्रभावबारे सचेत छन् र दिगो विकल्पहरू खोजिरहेका छन्। माटोको भाँडाले यो आवश्यकतालाई पूरा गर्छ। आयातीत प्लास्टिकका सामग्रीको प्रयोग बढ्दै गइरहेको अवस्था छ। माटोको भाँडाको उपभोग बढेमा दिगो र परम्परागत शिल्पलाई पनि प्रोत्साहन मिल्छ।

**३. रसायनमुक्त**

माटोको घैंटो वा गाग्रीमा कुनै हानिकारक रसायनहरू मिसिएको हुँदैन। प्लास्टिकका कन्टेनरहरूले तातो वा लामो समयसम्म प्रयोग गर्न उपयोगी बनाउनका लागि रसायनहरू पानीमा मिसाउन

**–बाँकी तीन पेजमा**

## माटोको भाँडामा ...

सक्छन्, तर माटोको गाग्रीमा यस्तो जोखिम हुँदैन ।

**४. प्राकृतिक स्वाद र गुणस्तर**

माटोको भाँडामा राखिएको पानीको स्वाद अन्य भाँडाको तुलनामा ताजा र प्राकृतिक हुन्छ। माटोको गाग्रीले पानीलाई प्राकृतिक रूपमा चिसो राख्छ, जुन तातो मौसममा विशेष रूपमा उपयोगी हुन्छ। माटोको घैँटोमा रहेका छिद्रपूर्ण सतहबाट थोरै पानी बाहिर निस्केर वाष्पीकरण हुँदा ताप हराउँछ। जसले भित्रको पानीलाई प्राकृतिक रूपमा चिसो बनाउँछ। गर्मी मौसममा यसको प्रयोग निकै उपयोगी हुन्छ। पहिलेका मान्छेले दही, मोही र पानी चिसो बनाइराख्न माटोको भाँडा प्रयोग गर्थे ।

**६. प्राकृतिक खनिजको लाभ**

माटोको भाँडामा राखिएको पानीमा माटोबाट क्याल्सियम, म्याग्नेसियम र अन्य खनिजहरू मिसिन्छन्। आयुर्वेदमा यी खनिजहरूलाई शरीरको धातुहरू (जस्तै ह ी, मांसपेशी र रक्त) को पोषणका लागि आवश्यक मानिन्छ। यस्तो पानीले शरीरलाई पोषण प्रदान गर्छ र रोग प्रतिरोधी क्षमता बढाउँछ।

**७.प्राणशक्तिको वृद्धि**

आयुर्वेदमा माटोको भाँडोमा राखिएको पानीले प्रकृतिको ऊर्जा (प्राणशक्ति) ग्रहण गर्छ भनिएको छ। जसले शरीर र मनलाई शान्त र स्फूर्त बनाउँछ। यो पानी पिउँदा मानसिक तनाव कम हुन्छ र शरीरमा ताजापन आउँछ।

**८. स्वास्थ्यमा विभिन्न फाइदा**

माटोको भाँडोमा राखिएको पानी प्राकृतिक रूपमा चिसो र क्षारयुक्त हुन्छ, जसले विशेषगरी पित्त दोषलाई शान्त गर्छ। यसले पेट पोल्ने अम्लपित्त र गर्मीजन्य समस्याहरूलाई कम गर्छ। साथै, यो पानीले वात र कफ दोषलाई पनि सन्तुलनमा राख्न मद्दत गर्छ।

**माटोको भाँडा प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा**

- माटोको भाँडोले सामान्य फोहोर छान्न सक्छ, तर भारी धातुहरू (जस्तै आर्सेनिक) वा अन्य रसायनहरू भने हटाउन सक्दैन। पानीको शुद्धिकरणका लागि भने थप फिल्टर प्रयोग गर्नुपर्छ।
- माटाको भाँडाको छिद्रपूर्ण सतहमा ब्याक्टेरिया वा फङ्गस जम्मा हुन सक्छ। यसलाई तातो पानी, बेकिङ सोडा वा भिनेगरले नियमित सफा गर्नुपर्छ।
- माटाको भाँडो सजिलै फुट्न सक्छ, त्यसैले यसलाई सुरक्षित ठाउँमा राख्नुपर्छ।
- ठूलो परिवारका लागि पर्याप्त भण्डारण क्षमता नहुन सक्छ।

## कक्षा १२ को ...

उनले नै भने, 'तपाईं लालीगुराँस इङलिश बोर्डिङ स्कुलको सर होइन !' हामीले 'हो' भन्यौं। उनले अगाडि बढेर बने, 'परीक्षा केन्द्र 'सूची' हेर्नुस् !, केन्द्र त त्यहीं परेको छ। तपाईंको केन्द्र शंकर पब्लिक एकेडेमीमै छ। कसले केन्द्र त्यहाँ नपरेको भन्यो ? भनेकै ठाउँमा पारिदिएको छु।' कर्मचारीको त्यो भनाईले पनि परीक्षा केन्द्र निर्धारणमा व्यापक आर्थिक चलखेल भएको पुष्टि गर्छ। लहान राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको केन्द्रको सूची हेर्दा पनि आर्थिक चलखेल स्पष्ट देखिन्छ। कतिपय विद्यालयलाई नजिकै केन्द्र तोकिएको छ भने केहीलाई १०–१२ किलोमिटर टाढा पर्ने ठाउँमा पठाइएको छ।

परीक्षा केन्द्र निर्धारणमा आर्थिक चलखेलको कुरा आएको स्वीकार गरे पनि लेनदेनको रकम त्यति ठूलो नभएको राष्ट्रिय परीक्षा बोर्डको क्षेत्रीय कार्यालय लहानका प्रमुख धनपति भेटवालले दाबी गरेका छन्। यसपालिको कक्षा १२ को परीक्षाका लागि यस कार्यालय मातहतका सिरहामा ३०, सप्तरीमा २७, उदयपुरमा १७, खोटाङमा १० र ओखलढुंगामा ९ परीक्षा केन्द्र तोकिएका छन्। यी केन्द्रहरुमा जम्मा २७ हजार परीक्षार्थी सहभागी हुँदैछन्।

यसबारे केन्द्रीय कार्यालयसम्म समेत उजुरी पुगको छ। तर, हालसम्म पनि कुनै कार्बाही नभएकोले राज्यका जिम्मेवार निकायहरु नै भ्रष्टाचारको संरक्षक बनेको अभिभावकहरुको आरोप छ। 'कक्षा १२ को परीक्षा केन्द्र हाम्रो विद्यालयमा पार्न निवेदन गर्दा राष्ट्रिय परीक्षा बोर्डको क्षेत्रीय कार्यालय लहानका प्रमुख धनपति भेटवालले परीक्षा केन्द्र पार्न दुई लाख रुपैयाँ लाग्ने बताए', नाम उल्लेख नगर्ने शर्तमा एक समुदायिक विद्यालयका प्रधानाध्यापकले बताए। भेटवालले ती प्रध्यानाध्यापकलाई हाकाहाकी भनेको अडियोमा सुनिन्छ, 'दुई लाख रुपैयाँ छ ?, बिना पैसाको केन्द्र हुँदैन। तपाईंहरु विद्यार्थीहरुसँग पैसा उठाउने, अनि हामी त्यतिकै टुलुटुलु हेरेर बस्नु ?'

यसअघि सम्पन्न एसईई परीक्षामा समेत सिरहामा परीक्षा केन्द्र निर्धारणमा लाखौं रकम असुली भएको तथ्य सार्वजनिक भएको थियो। शिक्षा जस्तो संवेदनशील क्षेत्रमा समेत भ्रष्टाचार मौलाउनु र राज्यका निकायहरु मौन बस्नुले पनि सरकारले नै त्यस्ता भ्रष्टाचारी कर्मचारीहरुलाई संरक्षण गरिरहेको प्रष्ट हुन्छ। अन्य सरकारी आ भन्दा देशका कर्णधारहरु निमार्ण गर्ने शिक्षा क्षेत्रमा भ्रष्टाचार हुनु दुखःद भएको जानकारहरु बताउँछन्।

## प्रादेशिक अस्पतालमा...

अपशब्द प्रयोग गर्ने, धम्क्याउने भइरहेको छ, त्यो तत्काल बन्द हुनुपर्छ।' स्थानीय प्रशासनसँग भएको सहमतिबमोजिम अर्को छलफलमा बस्दा तत्काल, दीर्घकालमा गर्न सकिने काम र आफूहरूको अधिकार क्षेत्रबाहिरका मागहरूको वर्गीकरण गरिरहेको उनले बताए।

**यस्ता छन् माग**

स्थानीय युवाहरूले अस्पतालको सेवा प्रवाह, चिकित्सकको नियमित उपस्थिति, अस्पताल फार्मेसीको औषधि वितरण र स्टक विवरण सार्वजनिक गरिनुपर्ने, पछिल्लो तीन आर्थिक वर्षमा अस्पतालबाट खरिद गरिएका औषधिहरूको हिसाब, बिरामीलाई वितरण भएको औषधिको विवरण, म्याद सकिएका औषधि, खरिद गरिएका ल्याबका सामानहरूको हिसाब विवरण सार्वजनिक गर्न माग गरेका छन्। त्यस्तै, आमा सुरक्षा कार्यक्रम, एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)मार्फत सेवा लिएका बिरामीहरूको विवरण र भएको खर्च, अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीको नामावली र नियुक्तिसँग सम्बन्धित कागजात, अस्पतालका विभिन्न उपकरण, सटर, भ्याल, ढोकाजस्ता सामानहरू, बिरामीको पुर्जा काट्ने काउन्टर र फार्मेसी काउन्टरबाट रकमको हिसाब सार्वजनिक गरिनुपर्ने माग गरिएको छ।

अस्पतालबाट वितरण गरिने निःशुल्क औषधि र शुल्क लाग्ने औषधिहरूको विवरण, त्यसका लागि भएको खर्चको तीन वर्षको बैंक स्टेटमेन्टसहित कार्यरत चिकित्सक स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको तलबभत्ता हरेक महिनादिने व्यवस्था, अस्पतालमा कार्यरत हरेक कर्मचारीको ड्रेस कोडको व्यवस्था, सरसफाइ तथा सम्पूर्ण कर्मचारीको नामावली र समय–तालिकासहित सूचनापाटीमा टाँस, विद्युत् तथा ब्लड बैंकको व्यवस्थापन, अस्पतालको स्तरीकरणको पारामिटर सार्वजनिक गरिनुपर्ने माग गरेका छन्।

मेसु र अध्यक्ष हरेक दिन कार्यालयमा बस्ने व्यवस्था, हरेक महिनामा उपचार सेवा लिएका, रेफर गरिएका बिरामीको विवरणसहित पुर्जा काट्ने काउन्टर, औषधि वितरण, शल्यक्रिया, उपचारको क्रममा मृत्यु भएका, ओपिडीमा जाँच गराएका बिरामीको विवरण सूचनापाटीमार्फत सार्वजनिक गरिनुपर्ने उल्लेख रहेको मागपत्रमा अस्पतालको शीर्षकबमोजिमको आम्दानी र खर्च विवरणको पारदर्शिता तथा अस्पतालमा दरबन्दी रहेका कर्मचारीहरूको काज फिर्ताको माग गरिएको छ।

# कागज उद्योगमा जम्दै मधेशका महिला



**अमृत कुमार महतो**

महोत्तरी, १२ बैशाख। अब बिस्तारै मधेशका महिला दिदिबहिनीहरुको दिनचर्या फेरिँदै गएको छ। चुलोचौका सिमित महोत्तरीका महिलाहरु कागज उद्योगमा जागिर गरिरहेका छन्। यसले गर्दा मधेशका महिलाहरुको जीवन फेरिएको छ। गौशाला नगरपालिका–८ कुसमारी घर हुनुभएको फूल कुमारी साह हरेक दिन खाना बनाएर उद्योग तिर काम गर्न जानुहुन्छ। बिहानै उठ्ने बित्तिकै साहलाई हतारो हुन्छ। उहाँ घर नजिकै खुलेको देशकै ठुलो कागज उद्योग काम गर्नुहुँछ।

घुम्टोबाट बाहिर निस्किएर सधैँ गाउँको बाटो भएर फूल कुमारी उद्योगमा जानुहुन्छ। यो मधेशका लागि ठुलो समाजिक रुपान्तरण रहेको तराई मधेश सांस्कृति अनुसन्धान प्रतिष्ठान बर्दिबासका अध्यक्ष राजकरण महतो सुनाउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "मधेशका महिलाहरु घरमा एक प्रकारले जेलको बन्दी जस्तै घुम्टो भित्र बन्द छन्। अब त्यो बन्द ढोकाहरु महिलाहरुले तोड्दै समाजमा उदाहरणीय काम गरिरहेका छन्। त्यसैको उदाहरण फूल कुमारीहरु हुन्।" गाउँमै उद्योग खुलेपछि फूल कुमारीलाई रोजगारी प्राप्त भएको हो। बिहान ८ देखि साँझ ५ बजेसम्म उहाँ उद्योगमा कागज मिलाउने काममा व्यस्त रहनुहुन्छ। महोत्तरीको गौशाला नगरपालिका-१ रामनगरस्थित इटाटारमा नीजि क्षेत्रको लगानीमा नेपाल पल्प एण्ड पेपर ईण्डष्ट्रिज सञ्चालित छ।

गत फागुन १२ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उद्योगको उद्घाटन गर्नुभएको थियो। दुई अर्बभन्दा बढी लगानीमा आईएमई ग्रुपले उद्योग सञ्चालन गरेको उद्योगपति चन्द्र ढकालले बताउनुभयो। मधेशमा महिला दिदीबहिनीहरु अझै घुम्टो भित्र खुम्चिएर बस्नु परेको पीडालाई उद्योगले बिर्साइदिएको फूल कुमारी सुनाउनुभयो। उहाँ खुशी हुँदै भन्नुहुन्छ, "मैले उद्योगमा कात्तिक महिनादेखि काम गरिरहेको छु। दैनिक ८ घण्टा काम गर्छु। एक घण्टा ओभर टाईम दिन्छु। दिनको साढे चार सय ज्याला पाइन्छ।"

फूल कुमारी यस अघि दैनिक खेति किसानीको काममा ज्याला मजदुरी गर्नुहुन्थ्यो। गाउँमै उद्योग खुलेपछि जीवन फेरिएको उहाँ सुनाउनुहुन्छ। गाउँतिर खेतिकिसानीको सिजनमा मात्रै काम पाइन्छ। अन्य समय बिहान बेलुकाको छाँक कसरी टार्ने भन्ने चिन्तामा फूल कुमारी पर्नुहुन्थ्यो। तर अहिले गाउँमै कागज उद्योग खोलेपछि दुःखको दिन गएको उहाँको भनाइ छ।

उहाँ मात्रै होइन् उहाँसँगै उद्योगमा ३९ वर्षीया फुल कुमारी राउत पनि काम गर्नुहुन्छ। उद्योगले उहाँलाई परिवार पाल्न निकै सहज भएको छ। बच्चाहरुलाई बिहान खाना पकाएर खुवाएपछि घर बाहिरको दैनिकी उहाँको सुरु हुन्छ। खाना खाएर दिउँको खाजा लिएर उद्योगमा बिहान उहाँ काम गर्न प्रवेश गर्नुहुन्छ। उद्योगको कमाइले उहाँको चुलो मात्रै बलेको छैन, पाँच जना सन्तानहरुलाई शिक्षादिक्षा र पालन पोषणमा सहयोग पुगेको छ। उहाँ भन्नुहुन्छ, "साना व्यपारीले उद्योगमा पुराना कागजहरु सङ्कलन गरेर ल्याउँछ। हामी त्यसलाई रङ र साइजको आधारमा छुट्याएर थाक लगाएर राख्छौं। मैले सिकेको काम अरुलाई पनि सिकाउने गरेको छु।" उद्योगले कादारलाई हरेक महिनाको २५ गते तलब दिने गरेको छ। अब फूल कुमारी राउतलाई गुणस्तरीय जीवन बाँच्न योजना बनाउन पनि सहज भएको छ। उहाँका अनुसार उद्योगमा तीन सय कामदार मध्य एक सयको संख्याका महिलाहरुले काम गरिरहेका छन्।

यसैगरी, धनमति पासवानलाई पनि फुल कुमारीहरु जस्तै अहिले चुलो बाल्न सजिलो भएको छ। उद्योगमा रोजगारी पाएपछि उहाँको हातमा मासिक १३ हजार पाँच सय रुपैयाँ पर्छ। यो उहाँले दैनिक साढे चार सय कमाउँदाको हिसाब हो।

उहाँ भन्नुहुन्छ, "पहिला तातो घाममा काम गर्नुपर्थ्यो। अहिले महिनै पिच्छे तलब पनि आउँछ, आरामले काम पनि गर्न पाइएको छ। रमाइलो भयो जीवन।" नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिजले महिला दिदिबहिनीहरुलाई मात्रै होइन् देशलाई आत्मनिर्भर बनाउने विश्वास काम गरेको छ। उद्योगले देशको आर्थिक अवस्था सुधार हुने पक्कापक्की भएको बर्दिबास उद्योग बाणिज्य संघका अध्यक्ष बिष्णु खड्काले बताउनुभयो। उहाँका अनुसार यो कागज उद्योग स्थापना भएसँगै बाहिर फालिएको कागज सङ्गल गरेर फेरी नयाँ कागज बनाएर आयात घटाउन सहयोग पुग्नेछ।

नेपालमा वार्षिक करिब ढेड लाख मेट्रिकटन कागज खपत हुने गरेको छ। सरकारी स्तरको भृकुटी कागज उद्योग बन्द भएपछि नेपालमा बाहिरबाट कागज ल्यानु परेको बाध्यता अब स्थापित कागज कारखानाले अन्य गर्ने विश्वास लिइएको छ। घरेलु उद्योग, ठुला उद्योग स्थापना गरेर महिलालाई रोजगारमा जोड्नु पर्ने मुख्य आवश्यकता रहेको मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "मधेशका युवाहरु बैदेशिक रोजगारीमा जान्छन्, घरमा रहेका महिलाहरुलाई उद्यममा जोड्न सक्यो भने देशको आर्थिक अवस्थामा छिट्टै सुधार हुन्छ।" मधेश प्रदेश कृषि तथा औद्योगिक क्षेत्रका लागि उर्बर क्षेत्र रहेको मुख्यमन्त्री सिंहको भनाइ छ।

तीन वर्षको अथक प्रयासले मधेशको महोत्तरी जिल्लाको गौशालास्थित रामनगर ईटाटारमा आइएमई ग्रुपले कागज उद्योगमा अर्बौं लगानी गरेको हो। यहाँ देशकै ठुलो चिनी उद्योगसँगै कागज उद्योग पनि खुलेको छ। उद्योगपति चन्द्र ढकालले फोहरको रुपमा रहेको पुराना कागज सङ्कलन गरेर फेरि नयाँ कागज बनाउने कामले विदेशबाट आयात हुने कागजलाई रोक्ने बताउनुभयो। उहाँ भन्नुहुन्छ, "देश विकासका लागि नीजि क्षेत्रले चालेको कदममा सरकारको दरो साथ चाहिएको छ। सरकारले अध्यादेश मार्फत भए पनि देशमा लगानीको अवस्था बनाएको छ।" उद्योगपतिहरुमाथि सबैले सकारात्मक भावले हेर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# चाँदी खोलामा बालकको शव फेला

रौतहट, १२ बैशाख। रौतहटको मध्यभाग गरुडा नगरपालिका ८ स्थित चाँदी खोलामा एक बालकको शव फेला परेको छ। पछिल्लो ५ दिन देखि हराइरहेका वृन्दावन नगरपालिका ७ बस्ने सुरुज राय यादवको छोरा वर्ष १४ को कृष्ण प्रसाद यादवको शव पानीमा घोप्टो अवस्थामा आज बिहान ९ बजे फेला परेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले बताएका छन्। घटनाको जानकारी प्राप्त हुनासाथ डिएसपी कार्कीसहितको टोली अनुसन्धानको लागि घटनास्थलमा खटिएको छ। बरामद शवको प्रकृति हेर्दा कर्तव्य गरी हत्या गरिएको जस्तो देखिएको डीएसपी कार्कीले जानकारी दिएका छन्। बालकको पेट र कन्चटमा गहिरो घाउ खत देखिएकाले धारिलो हतियारले प्रहार गरेको हुनसक्ने अनुमान रहेको डीएसपी कार्कीले बताएका छन्।

शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुर पठाइएको प्रहरीले जनाएको छ। गत ६ गते बेलुकी ४ बजे घरबाट बिर्ता गाउँ जान्छु भनी आफ्नै मोटरसाइकल चढेर निस्किएका थिए। ३ दिनसम्म

–बाँकी अन्तिम पेजमा

# मोरङमा तनावग्रस्त, हवाई फायर र अश्रुग्यास प्रहार



**किशोर बुढाथोकी**

विराटनगर, १२ बैशाख। टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएपछि मोरङको सुन्दरहरैंचा नगरपालिका–१ स्थित हरैंचा बजार शुक्रबार करिब ३ घण्टा तनावग्रस्त बन्न पुग्यो। दुर्घटनालगत्तै जम्मा भएको भिडको प्रदर्शन उग्र बन्दै गएपछि प्रहरीले हवाई फायर र अश्रुग्यास प्रहार गरेर स्थिति नियन्त्रणमा लिएको थियो। प्रहरीका अनुसार विराटनगर–विराटचोक सडक खण्डअन्तर्गतको हरैंचा बजारमा ना १ क ६२७० नम्बरको टिपरले प्रदेश १–०२–०५३ प ७०१० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा सुनसरीको दुहबी नगरपालिका–९ का ४० वर्षीय महमद हासिम मियाँको घटनास्थलमै मृत्यु भएको हो।

दुर्घटना शुक्रबार बिहान १०:५० बजेतिर भएको हो। विराटचोकबाट विराटनगरतर्फ आउँदै गरेको टिपरले सोही दिशातर्फ आउँदै गरेको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको मोरङ प्रहरी प्रमुख एसपी नारायणप्रसाद चिमरियाले बताए। दुर्घटनालगत्तै भिड जम्मा भएर विराटनगर–विराटचोक सडक खण्ड अवरुद्ध बनाउँदै प्रदर्शन र ढुंगामुढा गर्दा स्थिति तनावग्रस्त बन्न पुगेको उनको भनाइ छ। अवस्था नियन्त्रण बाहिर जान नदिन मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशी र अर्का डीएसपी मदन केशीको नेतृत्वमा ठूलो संख्यामा नेपाल प्रहरी परिचालन गरिएको थियो। विभिन्न युनिटबाट थप मद्धतका लागि प्रहरी लगियो। ठूलो संख्यामा सशस्त्र प्रहरीसमेत परिचालन गरिएको थियो।

एसपी चिमरियाका अनुसार आक्रामक र उत्तेजित बनेको भिडले ढुंगामुढा गर्न थालेपछि स्थिति नियन्त्रणमा लिन ९ राउण्ड हवाई फायर र ८ सेल अश्रुग्यास प्रहार गरिएको छ। वरपरका करिब ४–५ सय जनाको भिडले घटनास्थलमा रहेको टिपर हटाउने क्रममा ढुंगामुढा गरेको उनले बताए। मृतकको शवलाई सडकबाट उठाउन अवरोध गर्दै भिडले प्रदर्शन र ढुंगामुढा गर्न थालेपछि अवस्था निक्कै बेरसम्म तनावपूर्ण बनेको हो। प्रदर्शनमा उत्रिएका स्थानीयले शव सडकमै राखेर प्रदर्शन गर्दै टिपरमा आगजनीको प्रयास गरेका थिए। निरन्तर ढुंगामुढा गरेका थिए। ढुंगा प्रहारबाट डीएसपी जोशी घाइते भएका छन्। अनुहारमा ढुंगाले लागेका उनको अवस्था सामान्य रहेको छ। उपचारका लागि विराटनगरको विराट नर्सिङ होममा भर्ना गरिएको छ।

एसपी चिमरियाका अनुसार अवस्था नियन्त्रण बाहिर जान नदिन सामान्य बल प्रयोग गरेर हवाई फायर र अश्रुग्यास प्रहार गर्नु पर्ने अवस्था आएको हो। सम्झाइ बुझाइ गर्दा पार नलागेपछि स्थिति भड्किन नदिन बल प्रयोग गरिएको उनको भनाइ छ। प्रहरीले बल प्रयोग गरेपछि भिड तितरबितर भएको थियो। त्यसपछि प्रहरीले समन्वय गरेर मृतकको शवलाई घटनास्थलबाट उठाउँदै पोस्टमार्टमका लागि विराटनगरको कोशी अस्पताल पठाएको छ। दिउँसो २ बजेपछि हरैंचा बजारको अवस्था सामान्य बनेको जानकारी एसपी चिमरियाले दिए।

उनका अनुसार प्रदर्शनकारीले सडक अवरुद्ध गरेका कारण करिब ३ घण्टा सवारीसाधन 'डाइभर्ट' गर्नु परेको थियो। सवारीसाधन 'डाइभर्ट' गर्न ट्राफिक प्रहरी परिचालन गरिएको थियो। मोटरसाइकललाई ठक्कर दिने टिपरलाई जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याइएको छ। सडकबाट शव उठाउन अवरोध गर्दै प्रदर्शनमा उत्रिएको भिडले टिपरको तीव्र गतिका कारण दुर्घटना भएको आरोप लगाएको छ। स्थानीयले सडकमा टिपरको दादागिरी बढेको गुनासो गरेका छन्। टिपरको दादागिरी बन्द गर्नुपर्ने, उक्त सडकमा टिपर सञ्चालनमा रोक लगाउनुपर्ने, मृतकलाई क्षतिपूर्ति हुनुपर्ने, चालकमाथि कारबाही गर्नुपर्नेलगायतका माग राखेर प्रदर्शन भएको प्रहरीको भनाइ छ।

# चालु आवमा सप्तरीमा १३ वटा पुल निर्माण

सिरहा, १२ बैशाख।चालु आर्थिक वर्षको नौ महिनामा सप्तरीमा छ वटा पुल निर्माण भएका छन् भने निर्माणाधीन सात पुलको काम अन्तिम चरणमा पुगेको छ। लहानस्थित सडक डिभिजन कार्यालयका प्रमुख आशुतोष कर्णका अनुसार निर्माण सम्पन्न भएका पुलको 'लोड टेस्ट' हुन बाँकी छ। सप्तरीका सडक सञ्जाल विस्तार गर्न पुल निर्माण तीव्रगतिमा जारी छ। शम्भुनाथ नगरपालिका–११ देवधारमा छ करोड ५७ लाख ८२ हजार, छिन्नमस्ता गाउँपालिका घोडदह नदीमा एक करोड ९१ लाख ९२ हजारको लागतमा पुल निर्माण भएका छन्।

यसैगरी, कनकटा–९ र बेल्ही–५ जोडिने सडकमा पर्ने मुत्तनी खोलामा चार करोड चार लाख ५४ हजारको लागतमा पुल निर्माण गरिएको छ भने राजविराज–छिन्नमस्ता सडकबाट बेल्हा–६ र ५ भएर बग्ने सप्तरीको घोडदह खोलामा चार करोड ८५ लाख ६३ हजारको खर्चेर पुल बनाइएको छ। छिन्नमस्ता गाउँपालिका–५ राजविराज–छिन्नमस्ता सडकअन्तर्गत खिरखौका नदीमा पनि पुल निर्माण सम्पन्न भएको छ। यो पाँच करोड ४२ लाख २० हजारको लागतमा सम्पन्न भएको हो। राजविराज–कुनौली सडकमा पर्ने महुली घाडन खोलामा छ करोड १३ लाख ५४ हजारमा लागतमा पुल निर्माण भएको प्रमुख कर्णले बताउनुभयो।

सप्तरीमा निर्माणाधीन पुलमध्ये सात वटाको काम अन्तिम चरणमा पुगेको छ। छिन्नमस्ता गाउँपालिका–१ ललापट्टी–बुटनपोखरी भलवाही पुल तीन करोड ७३ लाख ८२ हजारको लागतमा ९७ प्रतिशत सम्पन्न भएको छ। यस्तै सोही निर्माण कम्पनीले तीन करोड ६२ लाख ७४ हजारको लागतमा विसहरिया–१ स्थित भलवाही खोलामाथि बनाइरहेको पुलको काम काम अन्तिम चरणमा पुगेको सडक डिभिजन कार्यालयका इन्जिनियर सुरेन्द्र दासले बताउनुभयो। यस्तै रूपनी गाउँपालिका–६ दुधैला खोलामा नयाँ बस्ती नजिकै छ करोड ५३ लाख ७५ हजारका लागतमा निर्माणाधीन पुलको ८० प्रतिशत काम सम्पन्न भएको छ। फकहा–बरदहीको बिच मुत्तनी नदीमा पनि धमाधम पुल निर्माण भइरहेको छ। उक्त पुलको वित्तीय प्रगति ८३।५८ प्रतिशत छभने भौतिक प्रगति ८५ प्रतिशत रहेको सडक डिभिजन कार्यालयले जनाएको छ।

त्यसैगरी, रूपनी गाउँपालिका–६ दुधैला खोला पुलको भौतिक प्रगति ९० प्रतिशत भएको छ। उक्त पुल नौ करोड ७५ लाख ९८ हजारको लागतमा निर्माण भइरहेको हो। शम्भुनाथ नगरपालिका–९ भएर बग्ने भवरा नदीमा चार करोड ७५ लाख ३१ हजारको लागतमा निर्माणाधीन पुलको भौतिक प्रगति ८२ प्रतिशत भएको छ।

# खानेपानी मन्त्रीकै जिल्लामा पानीको अभाव

वीरगञ्ज, १२ बैशाख। गर्मीयामको सुरुआतसँगै पर्सा जिल्लाका अधिकांश स्थानीय तहहरूमा खानेपानीको सङ्कट गहिरिँदै गएको छ। भूमिगत पानीको सतह घट्दै जाँदा ग्रामीण भेगका चापाकलहरू सुक्न थालेपछि स्थानीयवासी खानेपानीको चरम अभावमा परेका छन्। विशेष गरी सुक्खायाममा पानीको स्रोत हराउँदै गएपछि चापाकलहरूबाट पानी ननिस्कने समस्या वर्षेनी दोहोरिँदै आएको छ।



पर्साका अधिकांश गाउँपालिका र नगरपालिकामा निर्माण गरिएका खानेपानी ट्याङ्कीहरू सञ्चालनमा नआउँदा स्थानीयवासीको आशा निराशामा बदलिएको छ। कतै ट्याङ्कीको निर्माण अधुरो छ भने कतै मर्मत–सम्भारको अभावमा निष्क्रिय छन्। पोखरिया नगरपालिकामा २१ वर्षअघि निर्माण भएको खानेपानी ट्याङ्की वीरगञ्जपछि जिल्लाकै दोस्रो पुरानो ट्याङ्की हो, तर यो अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले खानेपानी मन्त्री प्रदीप यादवसँग ट्याङ्की सञ्चालनका लागि बजेट माग गरिए पनि बजेट प्राप्त नहुँदा मर्मत कार्य अघि बढ्न नसकेको गुनासो गरे। चार वर्षअघि थप पाइपलाइन विस्तार गरिए पनि एक धारा जडान गर्न ६ हजार रुपैयाँ लाग्ने भएपछि उपभोक्ताहरूले चासो नदेखाउँदा योजना अलपत्र परेको थियो।

पानीको चरम अभावले गर्दा अहिले उपभोक्ताहरू वैकल्पिक स्रोतको खोजीमा छन्। पोखरियावासी उमेश यादवले गाउँमा खानेपानीको समस्या समाधान नहुँदा दुख व्यक्त गरे। "हाम्रै जिल्लाबाट प्रतिनिधित्व गर्ने खानेपानी मन्त्री हुँदा पनि गाउँमा पानी नपाउनु दुःखद छ। सरकारले तत्काल समाधान ल्याउनुपर्छ," उनले भने।पर्साका अन्य पालिकाहरू– पर्सागढी, बहुदरमाई, ठोरी, सखुवाप्रसौनी, कालिकामाई, विन्दवासिनी, धोबिनी, पकाहामैनपुर, पटेर्वासुगौलीलगायतमा पनि खानेपानी ट्याङ्कीहरू निर्माण भएका छन्, तर अधिकांश निष्क्रिय छन्। सखुवाप्रसौनी गाउँपालिकामा तीन वटा ट्याङ्की भए पनि कुनै पनि सञ्चालनमा छैनन्। गाउँपालिका अध्यक्ष यशवन्त यादवले मन्त्रालयसँग ट्याङ्की सञ्चालनका लागि कुराकानी भए पनि बजेट अभावले योजना अघि नबढेको बताए। उनले भने, "बजेट आएमा यसै आर्थिक वर्षबाट ट्याङ्की सञ्चालन गर्ने योजना छ, नत्र गाउँपालिकाकै स्रोतबाट अघि बढाइनेछ।"

पकाहामैनपुर गाउँपालिकाले भने खानेपानीको आवश्यकतालाई ध्यानमा राख्दै नयाँ ट्याङ्की निर्माणको काम अघि बढाएको छ। गाउँपालिका अध्यक्ष सुरेश मेहताले तत्कालका लागि डीप बोरिङमार्फत पानीको आपूर्ति गरिने बताए। यस्तै, बडनिहार, मनवा र रामपुरमा पनि तीन वटा ट्याङ्की छन्, तर ती सबै प्रयोगविहीन छन्। खानेपानी विज्ञहरूले पूर्वाधार निर्माण मात्र नभई उपभोक्तालाई सहभागी गराएर योजनालाई प्रभावकारी बनाउनुपर्ने सुझाएका छन्। "खानेपानी योजनामा उपभोक्ताको सक्रिय सहभागिता र सशक्त योजना कार्यान्वयन नहुँदा करोडौँको लगानी बालुवामा पानी हालेजस्तै भएको छ," एक विज्ञले भने।

जिल्लाको सदरमुकामसमेत रहेको वीरगञ्ज महानगरपालिकामा पनि विगत तीन वर्षदेखि खानेपानीको अभाव भेल्दै आएको छ। महानगरले विभिन्न उपायमार्फत पानी वितरणको व्यवस्था मिलाएपछि अहिले समस्या केही कम भएता पनि दीर्घकालीन समाधानका लागि मन्त्रालयको हस्तक्षेप आवश्यक रहेको विज्ञहरूको भनाइ छ। ग्रामीण क्षेत्रमा भने महानगरजस्तो पहलकदमी नहुँदा र चापाकलहरू सुक्दै जाँदा आगामी गर्मीयाममा खानेपानीको हाहाकार हुने संकेत देखिएको छ।

पर्सा–१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भई खानेपानी मन्त्री बनेका प्रदीप यादवले तराई–मधेसका जिल्लामा खानेपानी समस्या समाधानका लागि सरकारले ४२ अर्ब रुपैयाँको परियोजना ल्याउने तयारी गरेको दाबी गरेका छन्। केही दिनअघि वीरगञ्जमा आयोजित एक कार्यक्रममा उनले सुनकोशी मरिन डाइभर्सन सिंचाइ परियोजनामार्फत मधेसका ६ जिल्लामा खानेपानी पुऱ्याउने योजना रहेको बताएका थिए। तर, उनको दाबी अहिलेसम्म शब्दमा मात्र सीमित छ, कुनै ठोस प्रगति देखिएको छैन।

पर्सा जिल्लामा खानेपानीको सङ्कटले स्थानीयवासीको दैनिकी कष्टकर बन्दै गएको छ। चापाकलहरू सुक्दै जाँदा र ट्याङ्कीहरू निष्क्रिय हुँदा करोडौँको लगानी खेर गइरहेको छ। उपभोक्ताको सहभागिता, प्रभावकारी योजना कार्यान्वयन र बजेटको उचित व्यवस्थापन नहुँदा समस्या जटिल बन्दै गएको छ। सरकारले तत्काल दीर्घकालीन समाधानका लागि ठोस कदम चाल्नुपर्ने स्थानीयवासीको माग छ। अन्यथा, आगामी दिनमा खानेपानीको हाहाकारले पर्साको जनजीवन थप कठिन बन्ने निश्चित छ।

## चाँदी खोलामा...

बालक घरमा फिर्ता नआएपछि गत ९ गते पीडित परिवारले जिल्ला प्रहरी कार्यालय ज्येष्ठ नागरिक महिला तथा बालबालिका सेल गरुडामा खोजतलासको लागि निवेदन दिएको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)